# स्थानीय राजपत्र


बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ७ | मितिः २०७७/११/१४ |
|---|---|---|


**भाग २**

**बागमती गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको कार्यविधि संख्या ७

# बागमती क्षेत्रभित्र नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७७

**प्रस्तावना :**

गाउँपालिका भित्रका नदी खोलाका नदीजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदी प्रणालीबाट उत्खनन्, संकलन तथा बिक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन, दीगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजनिक

निर्माण कार्यलाई सहज बनाउन कर तथा गैर कर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १५ को उपदफा ५ बमोजिमको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले दफा १४ बमोजिमको स्थानीय तहको अनुगमन समिति सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले कुनै नदीजन्य पदार्थको संकलन र बिक्री वितरण गर्न यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रूपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योग सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउँछ ।

(घ) "ऐन" भन्नाले कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ सम्झनु पर्छ ।

(ङ) “नदीजन्य पदार्थ” भन्नाले यस त्रियुगा नगर क्षेत्रभित्रको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनु पर्छ ।

(च) “प्रदूषण” भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(छ) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

(झ) “प्राविधिक समिति” भन्नाले दफा ५ (२) बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) “मन्त्रालय” भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ट) “वातारण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय सम्बन्ध सम्झनु पर्छ ।

(ठ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ड) “विभाज्य कोष” भन्नाले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिमको कोष सम्झनु पर्छ ।

(ढ) “संरक्षण” भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(ण) “स्थानीय तह” भन्नाले नेपालको संविधान भाग ५ को धारा ५६ को उपधारा २ बमोजिमको स्थानीय तह सम्झनु पर्छ।

परिच्छेद - २

## प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन

३. **प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्दा स्थानीय तहले प्रचलित वातावरण संरक्षण कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक/एक प्रति प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) राष्ट्रिय वन भित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

(४) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रभित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय

परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित संरक्षित क्षेत्र कार्यालयबाट सहमती लिनु पर्नेछ ।

४. **प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था :**

(१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम स्थानीय तहले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी आफ्नो राय सहित सम्बन्धित बागमती गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्नुभन्दा अघि देहाय दफा ५(२) बमोजिमको प्राविधिक समितिको सिफारिसको आधारमा गर्नु पर्नेछ ।

(३) प्राविधिक समितिबाट सिफारिस सहित पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद - ३

## नदीजन्य पदार्थको संकलन क्षेत्र तथा परिमाण निर्धारण

५. नदीजन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने :

(१) नदीजन्य पदार्थ संकलन गर्न सकिने संभावित क्षेत्रको वितरण सहितको कार्ययोजना हरेक आर्थिक वर्षको श्रावण १५ गतेभित्र (आर्थिक वर्ष २०७७/०७८ का लागि यो कार्यविधि स्वीकृत भएको दुई महिनाभित्र) गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिका मातहत रहने गरी नदीजन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान, निर्धारण तथा परिमाण एकिन गर्नका लागि देहायको प्राविधिक समिति रहनेछ ।

(क) गाउँपालिकाको इन्जिनियर - संयोजक

(ख) पूर्वाधार विकास कार्यालयको सिभिल सव इन्जिनियर - सदस्य

(ग) गाउँपालिकाको गाउँपालिका अध्यक्षले तोकेको वडा अध्यक्ष १ - सदस्य

(घ) ईलाका वन कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) सामुदायिक वन महासंघको प्रतिनिधि - सदस्य

(च) घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि - सदस्य

(छ) गाउँपालिकाको राजस्व शाखा प्रमुख - सदस्य सचिव

(३) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमको क्षेत्रबाट मात्र प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुरा गरी उत्खनन् तथा संकलन गर्न सकिने गरी एकिन गर्नु पर्नेछ ।

(क) नदीबाट ढुङ्ग, गिट्टी, बालुवा र माटोजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्र,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रन गई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति प्रदान गरिएको क्षेत्र,

(घ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरू निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

(ङ) जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंगा तथा माटोजन्य पदार्थ हटाउनु पर्दा गाउँपालिकाले तोकिएको क्षेत्र,

(५) उपदफा (३) बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाबाट प्राप्त कार्ययोजनाको आधारमा नदीजन्य पदार्थ संकलन गर्न सकिने खोला, नदी तथा सो को आसपासको क्षेत्र पहिचान गरी संकलन गर्न सकिने परिमाण र विधि एकिन गरी सिफारिस गर्ने,

(ख) खण्ड (क) बमोजिमको प्रतिवेदनमा संकलन गर्न सकिने प्रत्येक ठाउँको देहायका विषय सहित प्राविधिक विषयहरू समेत समावेश भएको हुनु पर्नेछ ।

(१) नदीजन्य पदार्थ संकलन गर्ने तरिका,

(२) संकलन गर्दा विचार गर्नुपर्ने विषयहरू,

(३) खोला तथा नदीको पुनरुत्थानका तरिकाहरू,

(४) संकलन गर्ने क्षेत्र तथा परिमाण : लम्बाई, चौडाई, गहिराई सहितका विवरणहरू,

(६) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिटी र बालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न हुँदैन ।

(७) सडक पुल भन्दा ५०० मिटर तल र माथिको नदी किनारबाट ढुङ्गा र माटोजन्य पदार्थ उत्खनन् र संकलन गर्न हुँदैन ।

(८) उपदफा (६) र (७) मा जेसुकै कुरा लेखिएको भए तापनि नदीका सतह बढी सडक पुल वा वस्ती जोखिममा परेको भनी बागमती गाउँ कार्यपालिकावाट सिफारिस भै जिल्ला विपद् व्यवस्थापन समितिवाट नदीजन्य पदार्थ हटाउने निर्णय भएमा गाउँपालिकाले तोकिएको हदसम्म नदीजन्य पदार्थ हटाई बिक्री गर्न सक्नेछ ।

६. **प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) प्राविधिक समितिले हरेक वर्षको श्रावण महिनाभित्र (आर्थिक वर्ष २०७७/०७८ का लागि यो कार्यविधि स्वीकृत भएको तीन महिनाभित्र) क्षेत्र निर्धारण तथा परिमाण एकिन गरेको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रबाट तोकिएको परिमाण मात्र संकलनका लागि प्रचलित कानून बमोजिक ठेक्का व्यवस्था गर्नेछ ।

(४) नदीजन्य पदार्थको संकलन वा उत्खनन् क्षेत्र दुई वा दुईभन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने अवस्था भएमा आपसी समन्वयमा आवश्यक व्यवस्था मिलाउनेछ ।

(५) जिल्लाको सीमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्नुपर्दा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ ।

(६) प्रदेशको सीमामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने सम्बन्धमा प्रदेश सरकारले सहजिकरण गरी आवश्यक व्यवस्था मिलाउनेछ ।

परिच्छेद - ४

## मूल्य, ठेक्का बन्दोबस्त, संकलन तथा उत्खनन् विधि

७. **मूल्य र करको दर :**

(१) नदीजन्य पदार्थको मूल्य (संकलन शुल्क) प्रचलित कानून बमोजिमको हुनेछ ।

(२) नदीजन्य पदार्थको करको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

८. **ठेक्का बन्दोबस्त गर्ने :**

(१) आफ्नो क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थ बिक्री वितरण गर्न सार्वजनिक सूचना जारी गरी प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गरी बिक्री वितरण गर्नु पर्नेछ ।

(२) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले संकलन इजाजत लिँदा सकार गरेको रकम एकमुष्ट सम्बन्धित स्थानीय तहमा अग्रिम बुझाउनु पर्नेछ ।

(३) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले मूल्य अभिवृद्धि कर राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(४) स्थानीय व्यक्ति, संघ, संस्थालाई स्थानीय उपयोगको लागि स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी सकारकर्ताको दफा ७ अनुसारको मूल्य लिई ढुङ्गा, गिट्टी, माटो, बालुवाको पूर्जी काटेर दिन सक्नेछ ।

(५) सकारकर्ता फर्म वा कम्पनीले अनुसूची - १ बमोजिमको संकलन इजाजत वा अनुमति पत्र लिएर मात्र नदीजन्य पदार्थ संकलन गर्नु पर्नेछ ।

**९. नदीजन्य पदार्थ संकलन अवधि :**

(१) नदीजन्य पदार्थको संकलन समय श्रावण १गते देखि आषाढ मसान्त सम्म हुनेछ ।

**१०. उत्खनन् तथा संकलन विधि :**

(१) उत्खनन् पश्चात के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निशानाको व्यवस्था गरी उत्खनन् कार्यको थालनी गर्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नुपर्नेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकि दिनुपर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उत्खनन् गरीने परिमाण, चार किल्ला, उत्खनन् विधि र निर्धारित विधि अनुसार उत्खनन् भएको वा नभएको सम्बन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर लगायतका जानकारी मुलक सूचना बोर्ड संकलन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) संकलनकर्ताले नदी वा खोलामा उत्खनन्का लागि साधन सहित प्रवेश गर्दा अनुसूची - २ अनुसारको प्रवेश इजाजत लिएर मात्र उत्खनन् गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(६) नदीबाट उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएका गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नु पर्नेछ । संकलन र उत्खनन् गर्दा नदीको पानीको बहाब क्षेत्र परिवर्तन गर्ने गरी उत्खनन् गर्नु हुँदैन ।

(७) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का शर्तको पालना गर्नुपर्नेछ ।

(८) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षाको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य संवेदनशिल क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् गर्दा सामान्यत डोजर, एक्जाभेटर, लोडर जस्ता हेवी ईक्विपमेन्ट प्रयोग गर्न हुँदैन तर त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको विधि, प्रक्रिया र प्राविधिक समितिको सिफारिस अनुसारको मेशिनरी औजार प्रयोग गरी तोकिएको मापदण्ड र परिमाणमा संकलन तथा उत्ननन् गर्न सकिनेछ ।

(९) उत्खनन् स्थलमा काम गर्ने कामदारको सुरक्षा र बीमा सम्बन्धी व्यवस्था, न्युनतम पारिश्रमिक ज्यालाको भुक्तानी नियमित रूपमा गर्ने व्यवस्था सम्बन्धित उत्खनन् र संकलनकर्ताले मिलाउने गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी कामदार लगाउँदा करार गरी लगाउनु पर्नेछ ।

(१०) उत्खनन्, संकलन तथा बिक्री वितरणमा बाल श्रमको प्रयोग गर्न हुँदैन ।

(११) अनुमति प्राप्त फर्म वा कम्पनीले विहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्मको समयावधिभित्र मात्र नदीजन्य पदार्थ संकलन र बिक्री वितरण गनुपर्नेछ ।

(१२) उत्खनन् तथा बिक्री वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदी माथिका संरचना, पुल, जलविद्युत केन्द्र, सिँचाई कुलो, खानेपानी लगायतका अन्य संवेदनशिल संरचना बिचको दुरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, गहिराई सम्बन्धी व्यवस्था वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार तथा प्राविधिक समितिले तोकिएको मापदण्डको आधारमा सिफारिस गरे बमोजिम हुनेछ ।

(१३) उत्खनन् तथा बिक्री वितरणबाट वातावरणमा प्रदुषण गर्न हुँदैन र त्यस स्थानबाट निष्कासित फोहोर मैलाको व्यवस्थापन सम्बन्धित कम्पनी वा फर्मले नै गर्नु पर्नेछ ।

(१४) उत्खनन् र बिक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी कम्पनी वा फर्मले आयकर प्रयोजनको लागि प्रतिवेदन तयार गरी आयकर तिर्नु पर्नेछ । कर कार्यालयले उत्खनन् र बिक्री वितरण गर्ने फर्म वा कम्पनीको विस्तृत कर परीक्षण गर्न सक्नेछ ।

(१७) सम्बन्धित उत्खनन् र बिक्री वितरण गर्ने फर्म वा कम्पनीले नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामाग्री उपलब्ध गराउनु पर्नेछ ।

११. **ओसार पसार गर्ने विधि :**

(१) नदीजन्य पदार्थ  लोड भएका सवारी साधनहरूले ढुवानी अवधिभर पटके नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके नदी प्रवेश आदेश र राजस्व तिरेको परिमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नम्बर, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि ।) अनुगमनका क्रममा फरक परेका देखिएमा ठेक्काको सर्त उल्लंघन भएको मानिनेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय तोकिदिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र १५ घन मिटर सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने गरी व्यवस्था मिलाउनु पर्छ ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधि भर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन ।

(६) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति ४० कि.मि. प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) मुल बाटोबाट संकलन तथा उत्खनन् स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित रूपमा पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानी कर्ताले मिलाउनु पर्नेछ ।

(८) नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगुन्जेल सडकमा पार्किङ गर्न पाईने छैन । सवारी साधन बिग्रेको हकमा यथा सम्वत् छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनुपर्नेछ ।

(९) नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालन सम्बन्धमा स्थानीय तहले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(१०) बागमती गाउँपालिकाबाट कुनै प्रदेश वा अर्को कुनै स्थानीय तह वा प्रदेशमा नदीजन्य पदार्थको ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको थप कर, शुल्क वा दस्तुर लिन नपाउनुका साथै ढाँट राखी अतिरिक्त शुल्क असुल गर्न पाइने छैन ।

(११) नदीजन्य पदार्थ ढुवानी गर्दा साधनमा तोकिएको क्षमता भन्दा बढी हुनेगरी थप नदीजन्य पदार्थ ढुवानी गर्न पाईने छैन ।

१२. **नदीजन्य पदार्थको भण्डारण :**

(१) नदीजन्य पदार्थ संकलन स्थलबाटै सिधै बजारमा लगी बिक्री वितरण गर्न सकिनेछ । बजारमा माग नभएको अवस्थामा मात्र स्वीकृति लिई भण्डारण गर्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ संकलनकर्ताले वन क्षेत्र, चुरे क्षेत्र, मध्यवती क्षेत्र, सार्वजनिक सडकको राइट अफ वे, सार्वजनिक सम्पतिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक महत्वका पूर्वाधारको आसपास एवं विद्यालय/कलेज/स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुँदैन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानूनको प्रक्रिया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ ।

(४) निषेधित क्षेत्र तथा सार्वजनिक ऐलानी तथा पर्ति क्षेत्रमा विना अनुमती नदीजन्य पदार्थ भण्डारण गरेमा स्थानीय तहले जफत

गर्नेछ। यसरी जफत भएको नदीजन्य पदार्थ सम्बन्धित स्थानीय तहले लिलाम गर्नेछ।

(५) नदीजन्य पदार्थ संलकनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरीपरी कम्तिमा दुई तहको वृक्षारोपन वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाण भन्दा बढ्ने गरी सञ्चय गर्न हुँदैन।

## परिच्छेद - ५

## आयोजनाको लागि विशेष व्यवस्था :

१३. आयोजनाको लागि विशेष व्यवस्था : नेपाल सरकार वा प्रदेश सरकारबाट संचालित राष्ट्रिय गौरबका/प्रदेश गौरबका आयोजना वा ठुला आयोजनाहरूका लागि नदीजन्य पदार्थ अभाव हुन नदिनका लागि सम्बन्धित देहाय बमोजिम गरिनेछ।

(क) नेपाल सरकारका २०७२/१०/२० को निर्यण समेतको आधारमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरूलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा कुनै स्थान विशेषको प्रयोग गर्नुपर्ने भनी आयोजना मार्फत माग भई आएमा वातावरणीय अध्ययनको आधारमा राजस्व बुझाई तोकिएको स्थानबाट सोझै उठाउने निर्णय गर्न सक्नेछ।

(ख) प्रकरण (क) अनुसारको स्थानमा ठेक्का बन्दोबस्त भईसकेको भएमा सकार रकममा उपलब्ध गराउन निर्देशन दिन सक्नेछ ।

(ग) प्रकरण (क) र (ख) बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, बालुवाको प्रयोग आयोजनाको लागि मात्र गर्नुपर्नेछ । अन्यत्र प्रयोग भएमा कानून बमोजिम कारवाही हुनेछ ।

(घ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट तथा विकास साझेदारबाट संचालित आयोजनाहरूको लागि ढुङ्गा, गिट्टी, बालुवाको ओसार पसार र ढुवानी गर्दा समेत कार्यविधिमा उल्लेखित प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(ङ) बैदेशिक सहायताबाट संचालित परियोजनाको हकमा संघीय सरकारको निर्णय बमोजिम नदीजन्य पदार्थ निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने भएमा सम्बन्धित योजनाको सम्झौतामा सो विषय खुलेको हुनु पर्नेछ ।

(छ) नेपाल सरकार वा प्रदेश सरकारबाट संचालित राष्ट्रिय गौरबका/प्रदेश गौरबका आयोजना वा ठुला आयोजनाहरूले नदीजन्य पदार्थको प्रयोग गर्दा अनिवार्य रूपमा नदीजन्य पदार्थको मूल्य र कर तिर्नु पर्नेछ ।

परिच्छेद - ६

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था :

### १४. अनुगमन समिति सम्बन्धी व्यवस्था :

देहायको स्थानीय अनुगमन समिति गठन गरी नियमित रूपमा अनुगमन गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(क) बागमती गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) बागमती गाउँपालिकाको स्थानीय तहको वातावरण समितिको संयोजक - सदस्य

(ग) बागमती गाउँपालिकाको प्राविधिक इन्जिनियर/सब-इन्जिनियर - सदस्य

(घ) इलाका वन कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(छ) स्थानीय सामुदायिक वन महासंघको प्रतिनिधि - सदस्य

(ज) स्थानीय प्रहरी कार्यालयको प्रतिनिधी - सदस्य

(झ) बागमती गाउँपालिकाको राजस्व शाखा प्रमुख - सदस्य सचिव

(६) मन्त्रालयले आफैले वा आवश्यक्ता अनुसार प्रादेशिक अनुगमन समिति बनाई अनुगमन गर्न सक्नेछ ।

१५. **संकलन तथा बिक्री वितरणमा रोक :**

(१) नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा बिक्री वितरणको कारण कुनै स्थानमा दुलर्भ तथा संकटापन्न वनस्पति तथा वन्यजन्तुको वासस्थानमा खतरा, प्राकृतिक प्रकोप, पुरातात्विक महत्वका स्थान, भू-स्खलन भई क्षती हुन सक्ने स्थान वा सरकारले संवेदनशिल क्षेत्र भनी तोकेको स्थान लगायतका वा अन्य कुनै विषम परिस्थितिको श्रृजना भएमा मन्त्रालयले जुनसुकै बखत नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा बिक्री वितरणमा रोक लगाउन सक्नेछ ।

(२) त्यसरी रोक लगाउँदा गाउँपालिकाले रोक लगाउने स्थानको चारकिल्ला र समयावधी तोकी सूचना प्रकाशन गर्नेछ ।

## परिच्छेद - ८

## विविध

१६. **आयोजना संचालन गर्दा उत्खनन् हुने पदार्थ सम्बन्धी व्यवस्था :** सडक तथा अन्य भौत्तिक पूर्वाधारका आयोजना निर्माणका क्रममा उत्खनन् हुने ढुङ्गा गिट्टी बालुवा माटो जस्ता पदार्थहरू सम्बन्धित आयोजनाले प्रयोग गर्ने भएमा तोकिएको शुल्क बुझाई प्रयोग गर्न सकनेछ । आयोजनाले प्रयोग नगर्ने भएमा वा प्रयोग भई बढी हुने भएमा बागमती गाउँपालिकाको भण्डारण गरी प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

१७. **उत्खनन् गर्न अनुमती लिनुपर्ने :** माछापोखरी निर्माण, पेट्रोल पम्प निर्माण, आवास क्षेत्र निर्माण लगायतका बहानामा अनुमति बिना ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्न पाइने छैन । निजी जग्गाबाट ढुङ्गा, गिट्टी बालुवा तथा माटो उत्खनन् गर्नपर्ने अवस्था आएमा राजस्व तिरी अनुमति लिएर मात्र उत्खनन् संकलन र बिक्री वितरण गर्न सकिने छ ।

१८. **कार्यविधि विपरित कार्य गर्नेलाई कारवाही हुने :** यो कार्यविधिमा विपरीत कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१९. **अनुसूचीमा हेरफेर गर्न सक्ने :** यो कार्यविधिको अनुसूचीमा बागमती गाउँपालिकाको निर्णयानुसार आवश्यक्ता अनुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछ ।

२०. **फारम तयार गरी प्रयोग गर्न सक्ने :** यो कार्यविधि कार्यान्वयनको लागि आवश्यक पर्ने फारम बागमती गाउँपालिकाको तयार गरी प्रयोग गर्न सक्नेछ ।

२१. **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै बाधा अड्चन आएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ। यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यक्ता अनुसार व्याख्या गरी निर्देशन गर्न सक्नेछ।

२२. **खारेजी र बचाउ :** यस कार्यविधि लागू भएको मितिदेखि विभिन्न जिल्ला समन्वय समितिले जारी गरेका प्राकृतिक स्रोतको उपयोग सम्बन्धी फरक फरक कार्यविधि/निर्देशिकाहरू खारेज हुनेछन्। तर ती कार्यविधि/निर्देशिकाको सेवा, शर्त अनुसार भए गरेका कामहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची १

(परिच्छेद- ४ को दफा ८ (५) सँग सम्बन्धित)

## नदीजन्य पदार्थ संकलन ईजाजत/अनुमति पत्र

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा ललितपुर

ईजाजत नं : मिति :

१. संकलन/उत्खनन् गर्ने अनुपति प्राप्त गर्ने फर्म/कम्पनी वा संस्थाको

नाम : ठेगाना :

PAN/VAT नं: प्रोपाईटरको नाम र फोन नं:

२. संकलन गर्ने स्थान:

ठेगाना :

नदी/खोलाको नाम :

चारकिल्ला :

पूर्व : पश्चिम :

उत्तर : दक्षिण :

लम्बाई : चौडाइ :

वि.पि.एस लोकेशन :

३. IEE/EIA मा उल्लेखित संकलन गर्न सकिने परिमाण :

४. उत्खनन् अनुमतीको परिमाण (घन फिट)

५. प्रवेश तथा निकासी गर्ने नाका वा स्थानको नाम :

६. उत्खननमा प्रयोग हुने मेसिन तथा सवारी साधनको विवरण :

७. घाटगद्धी गर्ने स्थानको

ठेगाना :

चारकिल्लाको

पूर्व : पश्चिम :

उत्तर : दक्षिण :

जि.पि.एस.लोकेसन :

ईजाजत दिने कार्मचारीको

नाम र थर :

पद :

हस्ताक्षर :

कार्यालयको छाप :

अनुसूची २

परिच्छेद ४ को दफा १० (६) सँग सम्बन्धित)

**नदी/खोला/नदीजन्य पदार्थ संकलन क्षेत्र प्रवेश आदेश**

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा ललितपुर

प्रवेश ईजाजत मिति : समय :

ईजाजत नं. :

१. संकलन गर्ने स्थानको

नदी/खोलाको नाम :

प्रवेश तथा निकासीको नाका वा स्थानको नाम :

२. नदी/खोला प्रवेश आदेश विवरण

निकासी गरी लैजानेको

नाम :

ठेगाना :

सम्पर्क फोन नं :

३. निकासी गरिने पदार्थको नाम :

४. ढुवानी गरी लैजाने साधनको किसिम :

५. सवारी नं :

६. निकासी गरिने पदार्थको परिमाण (घन फिट) :

प्रवेश आदेश दिने कर्मचारीको इजाजत प्राप्त गर्ने प्रतिनिधिको

नाम र थर :

नाम र थर :

सहि : सहि :

अनुसूची : ३

(परिच्छेद- ७ को दफा १८ (१) सँग सम्बन्धित)

## दुरी सम्बन्धी मापदण्ड

क्रसर उधोगहरूको स्थापना सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०/०३/२७ र मिति २०७०/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी भौगोलिक विषमताको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रसर उधोगको दुरी सम्बन्धी मापदण्ड, २०७३ अनुसार क्रसर उधोग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड :-

| क्र.सं. | विवरण | दुरी सम्बन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराइ तथा भित्री मधेशको हकमा |
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ३०० मि. | ५०० मि. |
| ख | हाईटेन्सन लाईनबाट | १०० मि. | १०० मि. |
| ग | राजमार्गको Right of Way बाट | ३०० मि. | ५०० मि. |
| घ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ कि.मि. | २ कि.मि. |
| ङ | निकुञ्ज आरक्ष र संरक्षण क्षेत्रबाट | २ कि.मि. | २ कि.मि. |
| च | घना वस्तीबाट | २ कि.मि. | २ कि.मि. |

| | | | |
|---|---|---|---|
| छ | वनक्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ज | पक्की पुलबाट | ५०० मि. | ५०० मि. |
| झ | अन्तराष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. | कम्तिमा १ कि.मि. |

**नोट :** दूरी मापदन गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ ।

**प्रमाणीकरण मितिः २०७७।११।१४**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**